Franklin Park Conservatory and Botanical Gardens

| दैनिक प्रवेश दरहरू *(दिनको समय)* | |
|---|---|
| सामान्य प्रवेश *(उमेर 13 देखि 59 वर्ष सम्म)* | $23.50 |
| ज्येष्ठ नागरिक *(60 वर्षभन्दा माथि)* | $19.50 |
| बालबालिका *(उमेर 3 देखि12 वर्षसम्म)* | $16 |
| 3 वर्ष उमेरमुनिका बालबालिका | नि:शुल्क |
| सबैको लागि संग्रहालय *(SNAP, EBT, WIC, Medicaid को साथमा)* | $3 |
| FPC सदस्यहरू | नि:शुल्क |

| विशेष संलग्नता दरहरू *(साँझ)* | |
|---|---|
| विशेष संलग्नता प्रवेश *(उमेर 13 देखि 59 सम्म)* | $26.50 |
| ज्येष्ठ नागरिक *(उमेर 60 वर्षभन्दा माथि)* | $22.50 |
| बालबालिका *(उमेर 3 देखि12 वर्षसम्म)* | $16 |
| सबैको लागि संग्रहालय *(SNAP, EBT, WIC र Medicaid सँग)**: | $3 |

| विशेष संलग्नता सदस्य दरहरू ***(साँझ 5 बजेदेखि राति 9 बजेसम्म वा साँझ 5 बजेदेखि राति 10 बजेसम्म)*** | |
|---|---|
| सदस्य *(उमेर 13 देखि 59 वर्षसम्म)* | $13.25 |
| ज्येष्ठ सदस्य *(उमेर 60 वर्षभन्दा माथि)* | $11.25 |
| बाल सदस्य *(उमेर 3 देखि12 वर्षसम्म)* | $8 |
| पहुँच परिवार सदस्य* | $3 |
| संरक्षक, हितकारी र मोनार्क सदस्यहरू** | नि:शुल्क |

*सबैको लागि संग्रहालयमार्फत, *SNAP, EBT, WIC* र *Medicaid* र पहुँच सदस्यहरूमा सहभागी भएकाहरूले *$3* को विशेष संलग्नता प्रवेश पाउनेछन्।

**संरक्षक, हितकारी र मोनार्क सदस्यहरूलाई विशेष संलग्नतामा निःशुल्क प्रवेश प्राप्त गरे पनि पहिले नै टिकट बुक गर्नहुन आग्रह गरिन्छ।

पार्किङ
मुख्य कन्जर्वेटरी भवनको पूर्वपट्टि रहेको इटा (ढुङ्गा) बिच्छाइएको पार्किङ स्थल (A&B) र वेल्स बार्न पार्किङ स्थलमा नि:शुल्क पार्किङ उपलब्ध छ। पार्किङ स्थलहरू E. Broad Street बाट जान सकिने ठाउँमा छन्। कृपया गाडीमा असुरक्षित रूपमा बहुमूल्य वस्तुहरू नछोड्नुहोस् र सधैं गाडीको ढोका बन्द गर्न नबिर्सनुहोस्।

कन्जर्वेटरी व्यस्त छ भने, पार्किङ स्थलहरू छिट्टै भरिन सक्छन्। व्यस्त दिन/रातमा ट्राफिक निर्देशन गर्न सुरक्षा कर्मचारी हुनेछन्। फ्र्याङ्कलिन पार्कभित्र एडभेन्चर सेन्टर, कन्जर्वेटरी ड्राइभ र Broad Street मा अतिरिक्त पार्किङ सुविधा उपलब्ध छ। हिँड्डुल गर्न कठिनाइ भएका पाहुनाहरूलाई मुख्य प्रवेशद्वारबाहिर बसको लुपमा ड्रप गर्न सकिन्छ।

घरपालुवा जीवजन्तुहरू
कन्जर्वेटरीभित्र सेवामा खट्ने जनावरहरूलाई मात्र अनुमति दिइन्छ। अन्य सबै घरपालुवा जीवजन्तुहरूलाई बाहिरी क्षेत्रहरूलगायत कन्जर्वेटरीमा कहीं पनि अनुमति दिइनेछैन।

मौसम

खराब मौसमको कारण रकम फिर्ताको सुविधाहरू उपलब्ध छैनन्, तर टिकटहरूको पुन: समय मिलाउन सकिन्छ। केन्द्रीय ओहियोमा मौसम फरकफरक भइरहन सक्छ, तर कन्जर्वेटरीको तापक्रम-नियन्त्रित बायोमहरूको तापक्रम स्थिर रहन्छ र यसले मुख्य कन्जर्वेटरी भवनलाई वर्षभर पहुँचयोग्य बनाइराख्छ। प्रतिकूल मौसम (भारी हिमपात, आँधीबेहरी, आदि) को अवस्थामा केही बाहिरी ठाउँहरू पहुँचयोग्य हुनेछैनन्।

नर्सिङ पोड

नर्सिङ पोडले एकान्तमा बच्चालाई दुध खुवाउन वा बच्चाको लागि दुध निकाल्न चाहने आमाहरूको लागि ठाउँ प्रदान गर्छ। स्मरण रहोस्, कन्जर्वेटरीमा आमाहरूले जुनसुकै स्थानमा बच्चालाई दुध खुवाउन सक्नेछन्। यो सुविधा कन्कोर्समा अवस्थित छ।

प्रतिबन्धित वस्तुहरू

कन्जर्वेटरी क्षेत्रमा निम्न वस्तुहरूको लागि अनुमति छैन।

- हतियार, चक्कु, बन्दुक, आदि।
- Tripods र व्यावसायिक क्यामेरा उपकरणहरू
- फोल्डिङ कुर्सीहरू
- बिच बल र पूल खेलौना
- बाइक, स्कुटर र रोलरब्लेडहरू
- कडा छेऊ भएका कूलरहरू
- बेलुन, स्ट्रिमर, कन्फेटी, आदि लगायतका पार्टी सजावट सामाग्रीहरू।